## जिल्ला विकास समिति वझागंको आ.ब.२०६८/०६९ को सार्वजनिक सुनुवाईको

# प्रतिवेदन

मिति २०६८/०४/०४ गते

## जिल्ला विकास समितिको कार्यालय

चैनपुर, बझाङ

# जिल्ला बिकास समिति बझाङ को आ.ब. २०६८/०६९को
# सार्बजनिक सुनुवाई को
# प्रतिबेदन

**पृष्ठभुमिः**

स्थानिय निकाय सार्बजनिक सुनुबाई कार्यबिधि २०६७ ले निर्देशित गरे अनुसार, सरकारि गैर सरकारि ठेक्कापट्टा र उपभोक्ता तथा बिभिन्न क्षेत्रमा भएका काम कारबाहि योजनाहरु लाई सरोकारवाला निकाय र नागरिकहरुका बीचमा दोहोरो सम्वाद स्थापित गर्न र त्यस्तो सम्वादबाट जनतालाई देश विकासको प्रक्रियामा रचनात्मक प्रतिनिधित्व गराई पारदर्शिताको माध्यमद्वारा स्थानीय निकायको विकास निर्माण कार्य र सेवाप्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाई जिम्मेवारीको संस्कार बसाउन सार्बजनिक सुनुवाई गर्न आबश्यक ठानी बझाड जिल्ला बिकास समितिबाट गत आ.ब. २०६८/०६९ बिनियोजित योजनाहरुको कार्यलाई सबै समुदाय माझ स्पष्ट गर्न र आएका गुनासाहरु संकलन गरि आगामी दिनमा सुधार्नु पर्ने कुराहरु लाई अझ ब्यबस्थित गर्दै लैजान जिल्ला बिकास समितिको प्रागणमा २०६९ साउन ४ गते सार्बजनिक सुनुवाई सम्पन भएको छ।

**उद्देश्य :**

स्थानीय निकायवाट संचालित विकास कार्यक्रम उपलब्ध सेवा, वस्तु र सुविधा सार्वजनिक गरी त्यस्ता विषयका सम्वन्धमा सार्वजनिक थलोमा सेवाग्राही नागरिकले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउने र नागरिकवाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गर्ने तथा जिम्मेवार संस्कार बसाउन गरिने सार्वजनिक सुनुवाई गर्ने कार्य प्रक्रियालाई मार्गदर्शन गर्नु यस सार्बजनिक सुनुवाईको उद्देश्य थियो ।

**सार्वजनिक सुनुवाइको कार्यकम संचालन का क्रियाकलापहरु** :

क) अध्यक्षता ग्रहण स्थानिय बिकास अधिकारि युबराज कटेल
   जिम्मेवार कार्यालय प्रमुखहरुलाई मंचमा आसन ग्रहण, राजनितिक दलका प्रमुख र आमन्त्रित उपभोक्ता का पदाधिकारि पत्रकार र आम जनसमुदायहरु लाई यथास्थानमा आसन ग्रहण

ख) कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्ने र सार्वजनिक सेवा प्रवाहबारे संक्षिप्त जानकारी दिने काम उर्जा,बिकास ईन्जिनियर पशुपति खत्रि बाट,

ग) आचार संहिताबारे जानकारी गराउने काम सहजकर्ता जगत खडका

घ),सहभागीहरुबाट तोकिएको बिषयमा लिखित तथा मौखिक प्रश्नहरु संकलन गर्ने काम योजना अधिकृत बि.एल.गिरी

ङ), स्थानीय निकायका जिम्मेवार पदाधिकारीहरुले स्पष्ट पार्ने काम जुन कार्यालय अथवा संघ संस्था संग सम्बन्धित जिज्ञासा गुनासा हो उहाहरु बाट नै स्पष्ट गराइएको

च) स्पष्टता पछि थप जिज्ञासाको आह्वान गरिएको, आएका थप जिज्ञासाहरुको जवाफ सम्बन्धित निकायका प्रमुखहरुबाट स्पस्टता र आगामी दिनमा सधार गर्ने प्रतिबद्धता जाहेर गरेको ।

ङ)कार्यक्रमा उठेका कुराहरु र जिज्ञासाहरुको निमटान भएको कुराहरुलाई साराशमा पुनर्ताजकिय गरि यस्ता कार्यहरु अरु निकायले पनि गर्नु जरुरि को आभास गरि कार्यक्रमको समापन का लागी कार्यक्रमका अध्यक्षलाई अनुरोध

ज) धन्यबाद ज्ञापन सहित कार्यक्रम समापन सार्बजनिक सुनुवाई का अध्यक्ष स्थानिय बिकास अधिकारि युवराज कटेल बाट

झ) कार्यक्रम संचालन सहजकर्ता सोनु सिह र जगत खडका बाट

**सार्वजनिक सुनुवाइमा जानकारी गरेका आचार संहिता**

१ सहभागीले बोल्नका लागि हात उठाएर संकेत गर्नुपर्नेछ ।

२ सहभागीले प्रश्न वा सुझाव के राख्ने हो, पहिले स्पष्ट गर्नुपर्नेछ ।

३ सहजकर्ताले बोल्ने संकेत गरेपछि मात्र आफ्नो नाम सहित प्रश्न वा जिज्ञासा राख्नुपर्नेछ ।

४ सेवाग्राही सहभागी नाागरिकहरु धैरैलाई प्रश्न गर्न समय दिनुपर्ने भएकाले बुदागत रुपमा छोटकरिमा प्रश्न प्रतिक्रिया राख्नुपर्नेछ र सहजकर्ताले निर्धारण गरेको समय बितेपछि तत्काल प्रस्तुति रोक्नुपर्नेछ ।

५ आफूभन्दा पहिलेका सहभागीले बोलेका कुरालाई दोहोर्‍याउन जरुरी हुनेछैन ।

६ चित्त नबुझेमा सहजकर्ताको अनुमति लिएर थप प्रश्न राख्न पाइनेछ ।

७ सहभागीले बिना आधार कसैप्रति लाञ्छनायुक्त भाषाको प्रयोग गर्न पाइने छैन ।

८ सुनुवाइका वक्ता तथा सहभागीलाई उत्तेजित पार्ने वा बदलाक जो भावनाबाट भनाइ राख्न वा बोल्न पाइने छैन ।

९ सुनुवाइलाई बिथोल्ने प्रयास कतैबाट भएको पाइएमा सबै सहभागी मिलेर शालीनतापूर्वक समाधान खोज्ने पहल गर्नु सबैको कर्तव्य हुनेछ ।

१० सुनुवाइलाई विषयान्तर हुन बाट सबै सहभागि सचेत हुनु पर्नेछ ।

११ सहभागीहरुले कसैको ब्यक्तिगत जिबनमा लाञ्छना लाग्ने कुरा गर्न पाइने छैन ।

**माथीका आचार संहिताहरु प्राय जसो पालना भएका थिए ।**

**कार्यक्रममा उठेका प्रश्न र जिज्ञासाहरु**

- बझाड जिल्ला बिकास समिति mcpm मा फेल हुनाका कारण के हो यसको जवाफदेही कसले लिनु पर्ने हो
- कर्णालीः बरिपरिको कार्यक्रममा राजनैतिक दलहरु सबैको सहमति बिना योजना बाडफाड गरियो र बिभिन्न ठाउमा रकम हिना मिना भएको भन्ने बुझिएको छ नर्म भन्दा अलग किसिमले बाडिएको किन स्पष्ट जवाफ पाउ
- लामातोला गा।बिस(मा गएको रकम बाट तोली र पौवागढीका जनतालाई कुलोमा रकम नदिएको एकलौटि लामातोलाको जिउलोमा मात्र खर्च गरेको
- चैन्पुर कडेल सडकमा मनोमानी गरेको ढंगले उपभोक्ता समिति गठन भएको र बिना आधार मा रोड काट्ने गरेको
- कृषि कार्यालय बाट साना सीचाई मा बिनियोजित रकम कनिका छरे जस्तो गरी उपलब्धि बिहिन भएको र द्वन्द पिडित को नाम अन्यमा बजेट खर्च भएको देखिएको छ यसलाई आगामी दिनमा सुधार्न जरुरि छ ।

- शिक्षा समितिको गोष्ठीमा भएको खर्च को बिल भरपाई बढाई पेश गरी रकम हिनामिना गरेको
- बिद्यालयको बाहिरी बाताबरण सुधारका लागी बिनियोजित बजेटको रकम बिद्यालयमा खर्च नभएको सम्पन्न भएको रिर्पोटमा पेश भएको
- बिद्यालय बाल शिक्षा एर्क ठाउमा ३ ४ पटक सम्म बितरण गरेको कतिपय ठाउमा एक पटक पनि नदिएको ।
- सामुदायिक अध्ययन केन्द्र संचालनमा नआई एकै जनालाई रकम उपलब्ध गराएको
- खानेपानीका योजनाहरु धेरै ठाउमा गलत स्टमेटका कारण र कमजोर ब्यबस्थापनका कारण असफल हुदै गएका अनुगमनमा ध्यान नपुगेको मर्मतका लागी आएको पाईप आबश्यकता पहिचान नगरि बाडफाड भएको
- जिल्ला प्राबिधिक कार्यालयले भुक्तानी दिदा योजनाका उपभोक्ता समिति बाट केहि रकम नलिई भुक्तानी नदिएको
- जिल्ला बिकास समितिले खरिद गरेको डोजर ले हाल सम्म कति रकम आम्दानी गरयो वा गरेन हिसाव स्पष्ट मागेको
- योजना बाडफाड गर्दा र योजना सम्पन्नका बेला कर्मचारि संग राजनतिक दलको पनि मिलोमतो हुने गरेको अथवा आफना योजनाहरुलाई पास गराउन दवाव दिएको भन्ने गुनासो ब्यक्त भएको र राजनैनिक दलहरुलाई जवाफ मागेको ।
- बन कार्यालय र उपापबाट संचालित कबुलियति बनसमुहको आन्तरिक भ्रमणको रकम लाई बाह्य भम्रण बनाई लागेको रकम भन्दा दोब्बर रकमको बिल भरपाई बनाई कार्यक्रम सम्पन्न गरेको
- जिल्ला हस्पिटलको ब्यबस्थापन कमजोर हुदा गाई गोरु हाता भित्र प्रबेश गरि फोहर गर्ने गरेको यसमा कसैको ध्यान नगएको
- जिल्ला परिषदको मदिरा निषेध गर्ने योजनामा जिल्ला प्रशासन कार्यालयको सक्रियता नभएको
- DRILIP को सडक सम्बन्धि बिबाद के कसरि समाधान भएको छ भोपुर रुवातोला सडक खण्डका दुई वटा पुलहरु हाल सम्म किन संचालन हुन सकेन र सम्बन्धित निकाय बाट के कसतो पहल भएको छ ।
- महिलाको भवनमा बिनियोजित रकमको खर्च स्पष्ट नभएको

अनुसूची–४

(बुँदा नं. ७.६ सँग सम्बन्धित)

सार्वजनिक सुनुवाइ संबन्धी प्रतिवेदनको ढाँचा

सार्वजनिक सुनुवाइ संयोजन गर्ने व्यक्तिको नाम,थर र ठेगाना

सोनु सिह गैस.स. महासंघ     अध्यक्ष जगत खडका पत्रकार महासंघ अध्यक्ष

१ सुनुवाइ गरिएका विषयवस्तुहरु

आ.ब. २०६८र ०६९का जिल्ला बिकास समिति र अर्न्तगतका कार्यालय र गैर सरकारि संस्थाहरुका सर्म्पुण सम्पन्न योजनाको छलफल

२ कार्यक्रम आयोजना स्थल :–जिल्ला बिकास समितिको प्रागण

३ कार्यक्रम आयोजना गरिएका मिति र समय : २०६९साउन ४ गते दिउसो १ बजे देखि ६सम्म

४ कार्यक्रम सञ्चालन गरिएको समयावधि (घण्टा/मिनेटमा)  ५ घण्टा

५ उठेका प्रश्न/जिज्ञासा र उत्तर :

| क्रम संख्या | प्रश्नकर्ता गुनासो गर्ने वा सुझाव दिनेको नाम, थर र ठेगाना | सहभागीको प्रश्न/गुनासो/ सुझाव | जवाफ दिने पदाधिकारीको नाम, थर र ठेगाना | जवाफको छोटकरी व्यहोरा | कैफियत |
|---|---|---|---|---|---|
| १ | चन्द्रजंग ब. सिह नेकपा माओबादी | बझाड जिल्ला बिकास समिति mcpm मा फेल हुनाका कारण के हो यसको जवाफदेही कसले लिनु पर्ने हो | याम नारायण गौली योजना अधिकृत जि.बि.स | समयमा गाउ परिषद र रिर्पोटिड. भएन | |
| २ | लाल ब.खड्का रा. जनशक्ति पार्टी | कर्णाली: बरिपरिको कार्यक्रममा राजनैतिक दलहरु सबैको सहमति बिना योजना बाडफाड गरियो र बिभिन्न ठाउमा रकम हिना मिना भएको भन्ने बुझिएको छ नर्म भन्दा अलग किसिमले बाडिएको  किन स्पष्ट जवाफ पाउ | पशुपति खत्री उर्जा बिकास ई. | बोलाएका सबैहुन आए जतिको राय लिएको अरु जिल्ला भन्दा यस जिल्लामा राम्रो भएको छ | |
| ३ | ह्र्क बहादुर सिह लामातोला ३ | लामातोला गा।बिस(मा गएको रकम बाट तोली र पौवागढीका जनतालाई कुलोमा रकम नदिएको एकलौटि लामातोलाको जिउलोमा मात्र खर्च गरेको | दिर्घ ब. थापा लामातोला उ.स.अध्यक्ष | वहाहरुको गाउमा कुलो लागी जग्गा नदिएर कुलो बनाउन बाकी छ। | |
| ४ | गोकुल ब. सिह सुबेडा ६ | चैन्पुर कडेल सडकमा मनोमानी गरेको ढंगले उपभोक्ता समिति गठन भएको र बिना आधार मा रोड काट्ने गरेका | ई प्राबिधिक कार्यालय | ईष्टमेट भन्दा बढि काम भएको छ उपभोक्ता गठनको बारेमा गाउले लाई | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | थाहा होला | |
| ५ | चन्द्रजंग ब. सिह<br>नेकपा माओबादी | कृषि कार्यालय बाट साना सीचाई मा बिनियोजित रकम कनिका छरे जस्तो गरी उपलब्धि बिहिन भएको र द्वन्द पिडित को नाम अन्यमा बजेट खर्च भएको देखिएको छ यसलाई आगामी दिनमा सुधार्न जरुरि छ | कृषि बिकास अधिकृत | समितिको बैठकले निर्णय गरेर २० योजनाको ४१ बनाएको थियो अगाडीको प्रमुखले गरेको थियो अब सुधार्नु पर्ला | |
| ६ | बसन्त ब. सिह<br>पत्रकार | शिक्षा समितिको गोष्ठीमा भएको खर्च को बिल भरपाई बढाई पेश गरी रकम हिनामिना गरेका | जगन्नाथ उपाध्याय<br>जि.शि.अ. | मेरो पालामा होईन स्टाप संग बुझ्नू पर्ला | |
| ७ | चन्द्र बहादुर सिह<br>चैन्पुर १ | बिद्यालयको बाहिरी बाताबरण सुधारका लागी बिनियोजित बजेटको रकम बिद्यालयमा खर्च नभएको सम्पन्न भएको रिर्पोटमा पेश भएका | जगन्नाथ उपाध्याय<br>जि.शि.अ | हामीलाई सम्पन्न रिर्पोट दिएको छ के कसो छानबिन गर्नु परयो | |
| ८ | शैलेन्द्र रोकाया<br>सेती एफ.एम | बिद्यालय बाल शिक्षा एकै ठाउमा ३, ४ पटक सम्म बितरण गरेको कतिपय ठाउमा एक पटक पनि नदिएको | जगन्नाथ उपाध्याय<br>जि.शि.अ | दिएको छैन दिएको भए अबको बैठक बाट मिलान गर्नु पर्ला | |
| ९ | कलक खत्री सेती एफ.एम | सामुदायिक अध्ययन केन्द्र संचालनमा नआई एकै जनालाई रकम उपलब्ध गराएका | जगन्नाथ उपाध्याय<br>जि.शि.अ | अनुसंन्धान गरि बुझ्नु परयो | |
| १० | देब बहादुर खडका<br>नागरिक समाज | खानेपानीका योजनाहरु धेरै ठाउमा गलत स्टमेटका कारण र कमजोर ब्यबस्थापनका कारण असफल हुदै गएका अनुगमनमा ध्यान नपुगेको मर्मतका लागी आएको पाईप आबश्यकता पहिचान नगरि बाडफाड भएका | बिनोद थकाली<br>डि. ई खानेपानी तथा सरसफाई डिभिजन | गलत स्टेमेटमा फेरि निरिइण गरि सुधारनुगरौला ब्यबस्थापनको लागी उपभोक्ता नै सक्रिय हुनु परयो | |
| ११ | जनक ब. खड्का<br>एभीन्युज टेलिभिजन बझाड. | जिल्ला प्राबिधिक कार्यालयले भुक्तानी दिदा योजनाका उपभोक्ता समिति बाट केहि रकम नलिई भुक्तानी नदिएका | | लिएका ब्यक्ति प्रष्ट भएमा प्रशासनले कारबाही गर्ने प्रतिबद्धता स.प्र.जि.अ.बाट कन्टेजेन्सि मात्र लिएको DTO बाट जानकारि | |
| १२ | कलक खत्री | जिल्ला बिकास समितिले खरिद गरेको डोजर ले हाल सम्म | शेरबहादुर बिष्ट<br>लेखा अधिकृत | ४लाख जति आम्दानी भएको जानकारि | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | कति रकम आम्दानी गरयो वा गरेन हिसाव स्पष्ट मागेको | जि.बि.स. | | |
| १३ | जनक खड्का | योजना बाडफाड गर्दा र योजना सम्पन्नका बेला कर्मचारि संग राजनतिक दलको पनि मिलोमतो हुने गरेको अथवा आफना योजनाहरुलाई पास गराउन दवाव दिएको भन्ने गुनासो ब्यक्त भएको र राजनैनिक दलहरुलाई जवाफ मागेको । | देबराज शर्मा , नेका अर्जुन थापा एमाले | पार्टीको संलग्नता छैन जसको संलग्नता छ खुलासा भए कारबाही गर्न सकिन्छ र कर्मचारीले स्वत्रन्त्र निष्पक्ष काम गर्दा राम्रो हुन्छ | |
| १४ | चन्द्रजंग ब. सिह नेकपा माओबादी | बन कार्यालय र उपापबाट संचालित कबुलियति बनसमुहको आन्तरिक भ्रमणको रकम लाई बाह्य भम्रण बनाई लागेको रकम भन्दा दोब्बर रकमको बिल भरपाई बनाई कार्यक्रम सम्पन्न गरेको | कर्ण खाती<br>स ब अ<br>जिल्ला बन कार्यालय | मलाई थाहा छैन सम्बन्धित रेन्जर र हाकीमलाई थाहा होला | |
| १५ | चन्द्रजंग ब. सिह नेकपा माओबादी | जिल्ला हस्पिटलको ब्यबस्थापन कमजोर हुदा गाई गोरु हाता भित्र प्रबेश गरि फोहर गर्ने गरेको यसमा कसैको ध्यान नगएका | भानुभक्त जोशी<br>जिल्ला सुपरभाईजर<br>जि.स्वा.का. | भएको छ एक दुई दिनमा सुधार्ने छौं । | |
| १६ | जुना जाग्री महिला अधिकार मंच | जिल्ला परिषदको मदिरा निषेध गर्ने योजनामा जिल्ला प्रशासन कार्यालयको सक्रियता नभएको | महेन्द्रजंग शाही<br>स.प्र.जि.अ.जिल्ला प्रशासन कार्यालय | ह्ाम्रो प्रयास जारि छ समुदमयले पनि सहयो गरेमा सफल गर्न सकिन्छ । | |
| १७ | चन्द्र बहादुर सिह<br>चैन्पुर १ | DRILIP को सडक सम्बन्धि बिबाद के कसरि समाधान भएको छ भोपुर रुवातोला सडक खण्डका दुई वटा पुलहरु हाल सम्म किन संचालन हुन सकेन र सम्बन्धित निकाय बाट के कसतो पहल भएको छ । | युबराज राज कटेल<br>स्थानिय बिकास अधिकारि जि.बि.स. | पुलहरु रोड गाडी लिन सक्ने भएपछि बानाउन शुरु हून्छन अगाडी रोड काटने काम बिबादका कारण बन्द भई चैन्पुर दिपायल कृषि सडकमा जानका लागी सर्भे भई रहेको छ । | |
| १८ | देबराज शर्मा<br>नेपाली काग्रेस | महिलाको भवनमा बिनियोजित रकमको खर्च स्पष्ट नभएको | गंगुदेवी खडायत<br>निर्माण स. अध्यक्ष | हिसाब किताव म संग सबै छ बैठक बसि स्पष्ट गर्छु | |
| १९ | श्याम सुनार<br>आर.डि.एन | हलियाहरुको नाममा आएको बिभिन्न कार्यक्रम गलत ठाउमा | जयराज जोशी<br>मालपोत कार्यालय | धेरै हलिया मध्ये थौरेलाई मात्र | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | प्रयोग भएको यस प्रति ध्यान जाओस | र युबराज राज कटेल स्थानिय बिकास अधिकारि जि.बि.स. | कार्यक्रम आएको ले सबै समट्न नसकिएको हो । | |
| २० | क्लक खत्री | थलारामा महिला तथा बाल बालीका कार्यालय बाट संभालीत कुलो को योजनाको रकम हिनामिना भएको | म.बि.अ. लक्ष्मी शाह र स.प्रजिअ. महेन्द्रजग शाही. | अनुगमन टोली गई हेरि कुलो सम्पन्न भएको | |

**उपलब्धिहरु**

- जिल्लामा  पहिलो पटक सुल्ला ठाउमा सार्बजनिक सुनुवाईको कार्यक्रम सम्पन्न भई सार्बजनिक सुनुवाईको महत्व थाहाभएको
- सेवा ग्राहिहरुले योजनाको बाडफाड स्रोत र काम भए नभएको बुझ्ने मौका पाएको
- हिनामिना भएकोबारे र काम नभएको योजनाको बारेमा सहायक प्रमुख जिल्ला अधिकारिबाट छानबिन गर्ने र कारबाहि अगाडि बढाउने प्रतिबद्धता सहित कार्य अगाडि बढेको
- सरोकारवाला निकायहरुबाट कमजोरि भएका कार्यहरुको महसुस भई आगामी दिनमा सुधार्ने पतिबद्धता भएको
- कार्यक्रममा सेवा गाृहीहरु बाट सभ्य र शिष्ट तरिकाबाट प्रश्न गुनासा सुझावहरु आएका
- कार्यक्रममा सबै पक्षका जिम्मेबार ब्यक्तित्वहरुको उपस्थिति भएको
- बिषय बस्तु भित्र रहि बिभिन्न योजनाको बारेमा ब्यापक छलफल भएको

**चुनौतिहरु**

- ✓ ठुलो भेलामा गुनासोलाई स्पष्ट गर्न कठिनाई
- ✓ बिषय बस्तु भन्दा बाहिका कुराहरुपनि बिकास संग सम्बन्धित हुने हुदा रोक्न गाह्रे
- ✓ जितको भावना हुदा प्रति प्रश्न धेरै आउने गरेको
- ✓ खुल्ला ठाउमा कार्यक्रम हुदा मादक पदार्थ सेवन गरि आई सुनुवाई लाई उत्तेजित गरेको
- ✓ बिभिन्न क्षेत्रमा यस्तो कार्यक्रम गर्दै आउनु पर्ने र जिल्लामा प नि ३ पटक सम्म गर्नु पर्नेमा

  एकैचोटी हुदा  बढि प्रश्न र समय बढि लागेको ।

**लागेको बजेटका बिबरण**

| | |
|---|---|
| क. सार्वजनिक सुनुवाइ सहजकर्ताको पारिश्रमिक | १५००० |
| ख. यातायात खर्च | १००० |
| ग. आवश्यकता अनुसार माइक, पंखा, पाल, हल कुर्सीको भाडा | ५००० |
| घ. खानेपानी, शौचालय र प्राथमिक उपचारको खर्च | ३००० |
| ङ. मसलन्द | २००० |
| च. अन्य श्रव्य/दृश्य सामग्रीको भाडा | १५०० |
| छ. चियापान खर्च | १0000 |
| ज. प्रतिवेदन तयारी र प्रकाशन खर्च | ४००० |
| **जम्मा** | **४१५०००** |

निष्कर्ष

देश र जिल्लाको चौतफी बिकासमा सकारात्मक परिबर्तन ल्याउन सरकार र जनता अथवा राज्य र नागरिकको उत्तिकै भुमिका र सहयोग पर्ने हून्छ, सरकार र नागरिकको सम्बन्ध सम्न्वय र समझदारि पनि आबश्यक हून्छ यसलाई कायम राख्नको लागी नेपाल सरकारको सार्बजनिक सुनुवाई कार्यबिधि २०६७ जारि भई सकेको अबस्थामा दुर्गम जिल्ला का स्थानिय निकायमा बेलाबेलामा र तह तहमा यस्ता कार्यक्रम गर्नु पर्ने देखि यस जिल्लामा पहिलो पटक यस्तो सुनुबाई उपलब्धि मुलक त छदैछ अझ यस लाई कार्यबिधि २०६७ अनुसार निर्देशित गरे अनुरुप सम्पन्न गर्न बान्छनिय देखिन्छ र आगामी दिनमा गाउ बिकास समितिहरुले बिभिन्न गैर सरकारि संस्थाहरुले उपभोक्तासमितिरुले ठेकेदार पनि कार्यक्रम संचालन को बेला र सम्पन्न पछि पनि सार्बजनि सुनुवाई मार्फत आफुले गरेको काममा स्पष्टता र जनताको सार्बजनिक सुचनाको हक दुबै कुरा निमटान हुने देखिन्छ ।

**प्रतिवेदन दिएको मिति : २०६९ साउन १० सार्वजनिक सुनुवाइ संयोजकको दस्तखत :**

तयार गर्नेः
सोनु सिह
सहजकर्ता